त्रिवि उपकुलपतिको राजीनामा स्वीकृत

काठमाडौं (अन्नपूर्ण) : त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको राजीनामा स्वीकृत भएको छ। प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीले उपकुलपति प्राडा. केशरजंग बरालको राजीनामा बिहीबार स्वीकृत गरेको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ। उपकुलपति बराललले स्वास्थ्यको कारण देखाउँदै यही चैत १५ गते राजीनामा दिएका थिए। २०८० फागुन १० गते तत्कालीन प्रधानमन्त्रीसमेत रहेका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्राडा बराललाई त्रिविको २०औं उपकुलपति नियुक्त गरेका थिए।

बोलेरो दुर्घटनामा २ जनाको मृत्यु

रामेछाप (अन्नपूर्ण) : मन्थली नगरपालिका वडा नं २ र ३ को सिमाना ठाँटीमा बोलेरो दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। बिहीवार अपरान्ह भएको दुर्घटनामा परी अन्य १२ जना घाइते भएका छन्।

वडा नं ३ को ऐरमथास देवी थान पूजाबाट फर्किँदै गरेको बा१६च ६४७६ नम्बरको बोलेरो दुर्घटना हुँदा मन्थली नगरपालिका-२ का ६२ वर्षीय कृष्णनारायण श्रेष्ठ र १३ वर्षीया भूमिका श्रेष्ठको घटनास्थलमै मृत्यु भएको मन्थली नगरपालिका-३ नम्बरका वडाध्यक्ष कृष्णगोपाल थापाले बताए।

घाइते सबैलाई उद्धार गरी उपचारका लागि मन्थली अस्पताल पठाइएको वडाध्यक्ष थापाले बताए। दुर्घटना भएको बोलेरो सडकबाट २-३ मिटर तल खसको थियो। पानी परेर सडक चिप्लो भएको र क्षमता भन्दा धेरै यात्रु बोकेको हुनाले दुर्घटना भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रदीपकुमार सिंहले बताए।

चटचाङ लागेर वृद्धको मृत्यु

अर्घाखाँची (अन्नपूर्ण) : अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा चटचाङ लागेर एक जनाको मृत्यु भएको छ।

भूमिकास्थान नगरपालिका– १० लिसेपानी बस्ने ७२ वर्षीय यमबहादुर घर्तीको चटचाङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख डीएसपी चक्रबहादुर मल्लले जानकारी दिए। बोल्न नसक्ने बेहोसी अवस्थामा रहेका घर्तीलाई उपचारका लागि अर्घाखाँची अस्पतालमा ल्याइएको थियो। उनलाई अस्पतालले मृत घोषणा गरेको हो। घरमा रहेका अन्य परिवार सकुशल रहेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका सूचना अधिकारी जगन्नाथ मरासिनीले बताए।

गए रातिको हावाहुरीले पाणिनि गाउँपालिका– ६ धातिबाङमा १७ घर गोठका छाना उडाएको छ। वडाभरिमा ११ वटा घर र ६ वटा गोठका छानो हावाहुरीले उडाएको वडाध्यक्ष कृष्णप्रसाद पौडेलले जानकारी दिए। हावाहुरीले छानो उडाएका घरगोठ तथा अन्य क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेको वडाध्यक्ष पौडेलले बताए। सन्धिखर्क नगरपालिका– १० धरमपानीका कमल जौसीको कुखुराको खोर गए रातिको हावाहुरीले भत्काई पूर्ण रूपमा क्षति भएको छ। खोर भत्किएपछि खोरमा रहेका झन्डै १ सय ५० वटा ब्रोइलर कुखुरा च्यापिएर मरेका छन्।

गत राति हावाहुरीसँगै परेको वर्षाको कारण शीतगंगा नगरपालिका–१२ देउराली बस्ने सन्तोष भन्ने भीमबहादुर चित्रेको टिनले छाएको दुईतले कच्ची घरको छानो उडाएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीले जनाएको छ।

भक्तपुरको ऐतिहासिक बिस्केट जात्रा सुरु

काठमाडौं (अन्नपूर्ण) : भक्तपुरको ऐतिहासिक एवं सांस्कृतिक महत्व बोकेको बिस्केट जात्रा सुरु भएको छ। बिस्केट जात्रा टौमढीस्थित पाँचतले मन्दिर अगाडिबाट भैरवनाथ र भद्रकालीको रथ तानातान गर्दै सुरु भएको हो।

काठैकाठले प्यागोडा (छाने) शैलीमा निर्मित तीनतले रथमा भैरवनाथको मूल देवता र बेताल देवतालाई विराजमान गराई पाँचतले मन्दिर प्राँगणबाट थने (माथिल्लो) र क्वने (तल्लो) टोलमा तानेर लैजाने परम्परा छ।

जात्रा अन्तर्गत ग:हिटीमा भैरवनाथलाई बली चढाइ गुठी संस्थानद्वारा सरकारी पूजा गरिन्छ। बिस्काको चौथो दिन बिहान तालाक्वस्थित कुमाले टोलमा ल्हामरु म्ह (हात नभएको) लिंगो उभ्याइन्छ भने साँझपख: तान्त्रिक विधिपूर्वक दशकर्म विधान गरी ल्योसिङख्योमा ५५ हात लामो लिंगो उभ्याइन्छ। बिस्का जात्राको पाँचौं दिन अर्थात् नयाँ वर्ष वैशाख १ गतेका दिन साँझ अघिल्लो दिन उभ्याएको ५५ हाते लिंगो ढालिने परम्परा रहेको स्थानीय अनन्त: धौबडेलले बताए।

बिस्काको छैटौं दिन महाकाली र महालक्ष्मीको जात्रा गरिन्छ भने सातौं दिन ब्रम्हायणी र महेश्वरी देवीको चिराग बालेर मुस्याप्वा जात्रा मनाइन्छ। जात्राको अन्तिम दिन भैरवनाथ र भद्रकालीको रथलाई ग:हिटीबाट पहिलो दिनमा जस्तो थने र क्वने टोलका बासिन्दाबाट तानातान गरी रथलाई तमारीस्थित भैरवनाथको प्राँगणमा पुर्याई जात्रा सम्पन्न गरिन्छ।

तस्बिर : अभिषेक महर्जन

आर्थिक कूटनीतिलाई अघि बढाएका छौं : परराष्ट्रमन्त्री राणा

अन्नपूर्ण | *काठमाडौं*

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आर्थिक कूटनीतिको प्रवर्द्धन गर्न परराष्ट्र मन्त्रालयले अलग्गै महाशाखामार्फत काम सुरु गरेको बताएकी छन्। नेपाल उद्योग वाणिज्य महासंघको ५९औं वार्षिक साधारणसभाका अवसरमा बिहीबार आयोजित कार्यक्रममा मन्त्री राणाले नेपालमा लगानीका अधिक सम्भावनाहरू रहेकाले वैदेशिक लगानी भित्र्याउन सरकारले आर्थिक कूटनीतिलाई बलियो बनाएर अघि बढ्ने स्पष्ट पारिन्।

विदेशी लगानीकर्ताहरू नेपालमा लगानी गर्न इच्छुक रहेकाले बढीभन्दा बढी वैदेशिक लगानी भित्र्याउन सरकार र निजी क्षेत्र मिलेर लगानीको उचित वातावरण निर्माण गर्नुपर्नेमा राणाले जोड दिइन्। मन्त्री राणाले भनिन्, 'हालै बैंककमा आयोजित बिमस्टेक सम्मेलन होस् या यसअघि प्रधानमन्त्रीज्यूको चीन भ्रमणका क्रममा होस्। नेपालको निजी क्षेत्रले त्यहाँका उद्योगी व्यवसायीहरूसँग अन्तरक्रिया गरेको थियो। त्यस क्रममा म पनि सहभागी थिएँ। उहाँहरू नेपालमा लगानीका लागि इच्छुक रहेको मैले पाएँ। उहाँहरूलाई नेपालमा आकर्षित गर्न हामी सबै लाग्नुपर्दछ।'

नेपालमा ऊर्जा, पर्यटन, पर्यटकीय पूर्वाधार निर्माण, सूचना प्रविधि आदि क्षेत्रमा लगानीका प्रशस्त सम्भावना रहेकाले आर्थिक कूटनीतिका माध्यमबाट वैदेशिक लगानी आकर्षित गर्ने काममा आफू कार्यरत रहेको र त्यसमा निजी क्षेत्रको पनि सक्रिय साथ र सहयोग आवश्यक रहेको बताइन्।

मन्त्री राणाले नेपालमा वैदेशिक सहायता आउने क्रम घट्दो अवस्थामा रहेको देखिएकाले मुलुकको अर्थतन्त्रलाई सबल र सक्षम बनाउन तथा समृद्ध नेपालको सपना साकार पार्न लगानीकर्ताहरूलाई उत्साहित गर्नुका साथै उद्यम व्यवसायको प्रवर्द्धनमा लाग्नुपर्ने अवस्था रहेको बताइन्।

उनले निजी क्षेत्र बलियो भए मात्र मुलुक र सरकार बलियो हुने बताउँदै वर्तमान सरकार देशको समृद्धिका लागि निजी क्षेत्रसँगको सहकार्यको पक्षमा रहेको स्पष्ट पारिन्।

मन्त्री राणाले भनिन्, 'सबै नेपाली आर्थिक विकास र प्रगतिका आकांक्षी हौं। ती आकांक्षाहरू निजी क्षेत्रको सक्रियता र सहभागिताबाट मात्र हासिल गर्न सकिन्छ। त्यसैले सरकार निजी क्षेत्रसँगको सहकार्यको पक्षमा छ।'

कल्भर्ट थुनिँदा पुल भत्कियो

भरत खड्का | *उदयपुर*

सिद्धिचरण लोकमार्गअन्तर्गत उदयपुरको कटारी नगरपालिका-२ अमझ खोलामा लगाइएको पक्कीपुल बेमौसमी बाढीले भत्काइदिएको छ।

मिर्चैया-कटारी-घुर्मी सडक योजनाअन्तर्गत निर्माणाधीन सिमानपुर र कल्याणपुर जोड्ने ५० मिटर लामो निर्माणाधीन पक्कीपुल बुधबार राति आएको बाढीले बीचैमा भाँचिदिएको हो।

योजना प्रमुख पशुपति ज्ञवालीका अनुसार बेमौसमी पानी परेको र त्यसैको बाढीका कारण पुलमुनि लगाइएको ह्युमपाइप थुनिएर ५० मिटर लामो पक्की पुलमा क्षति पुगेको हो। प्रमुख ज्ञवालीले भने, 'प्रिस्थेस प्रविधिको उक्त पुलले लोड लिनका लागि ढलान भएको २८ दिनपछि केवल हाल्नुपर्ने थियो,' उनले भने, 'ढलान भएको २० दिनमात्रै भएको थियो। २८ दिन पुगेपछि केवल राखेर तानेपछि मात्रै पुलले लोड बहन गर्थ्यो।'

ज्ञवालीले भने, 'यस्तो मौसममा पानी आउँछ भन्ने कसैलाई अनुमान भएन, अचानकको वर्षाले ह्युमपाइपबाट बग्नेभन्दा ठूला बाढी आएर पुलमा क्षति भयो।' सूर्य कन्सट्रक्सन धरानको जिम्मामा रहेको उक्त पुल तयार नहुँदै बाढीले क्षति गरेपछि स्थानीयले पुन: वर्षामा बाढीकै सामना गर्नुपर्ने भएको छ।

प्रमुख ज्ञवालीले पुल भत्किनु प्राविधिक त्रुटि नभई अप्रत्याशित मौसम भएको बताए। 'चैत्र महिनामा यस्तो बाढी आउँछ भन्ने योजना नै भएन, त्यसो हुँदा विकल्प केही तयार हुन सक्ने होला, त्यसैले प्राविधिक कमजोरी नभई प्राकृतिक दुर्घटना हो', उनले भने।

भत्किएको पुल पुन: निर्माणको दायित्व निर्माण कम्पनीकै हुने उनले बताए। उनले भने, 'पुलको इन्स्योरेन्स रहेकाले उक्त क्षतिको 'कभर' त्यहीँबाट हुन्छ, तर, त्यसका लागि समय लाग्छ।' पुरै भत्काएर बनाउनुपर्ने भएकाले यो वर्ष पुल बन्न सक्ने अवस्था नरहने उनले बताए। सडक विभागले ७२ किलोमिटर लामो मिर्चैया-कटारी-घुर्मी सडकको स्तरोन्नति तथा विस्तारका लागि ईआइए स्वीकृत गरेर ठेक्का लगाउने प्रक्रियामा रहेको छ। त्यसका लागि करिब ९ अर्ब ४७ करोड लाग्ने अनुमान गरिएको जनाइएको छ।

योजनाअन्तर्गत ४ वटा लामो पुल र ७ वटा सानो पुल, २ सय ८९ वटा पाइप कल्भर्ट, ८ बक्स कल्भर्ट, २६ स्ल्याब कल्भर्ट र ५ वटा कजवे निर्माण गर्नुपर्नेछ।

'सामाजिक मिडियालाई समाज भाँड्ने हतियार नबनाऔं'

काठमाडौं (अन्नपूर्ण) : प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले समाज भाँड्ने हतियार सामाजिक सञ्जाललाई नबनाउन बिहीबार सबै प्रयोगकर्तालाई आग्रह गरेका छन्।

सामाजिक सञ्जाल प्रयोग हुने सञ्चारमाध्यमसहितमा गलत र भ्रमपूर्ण सूचना सम्प्रेषण भइरहेको र त्यसले देशलाई पछाडि पार्ने काम गरेकोमा उनको असन्तुष्टि थियो।

बिहीबार प्रेस काउन्सिलमा आयोजित एक अभिमुखीकरण कार्यक्रममा बोल्दै अध्यक्ष बस्नेतले समाधानमुखी रचनात्मक पत्रकारिता हुन सके मात्र अहिलेको पत्रकारितामा सुधार आउने बताए। सामाजिक सञ्जालको गलत र नियोजित प्रयोगले मिडियामाथि नै हिलो छ्याप्ने काम भएको छ। ती प्रयोगकर्ता पत्रकार

हुन सक्दैनन्, नयाँ खुलेका अनलाइन, युट्युब सञ्चारमाध्यमका सम्पादक, सञ्चालकहरूका लागि राखिएको अभिमुखीकरण कार्यक्रममा अध्यक्ष बस्नेतले भने।

नागरिक दैनिकका प्रधानसम्पादक गुणराज लुइँटेल र गोरखापत्र संस्थानका नायब कार्यकारी सम्पादक केपी गौतमले पत्रकार आचारसंहिता र विभिन्न सञ्चार निर्देशिकाबारे सहजीकरण गरेका थिए। लुइँटेलले डिजिटल सञ्चार माध्यम संयमित र विश्वसनीय हुन जरुरी भएको उल्लेख गर्दै त्यसका लागि सञ्चारकर्मी स्वयं जागरुक हुनुपर्ने बताए। डिजिटल सञ्चारमाध्यमलाई आचारसंहिता र पत्रकारिताको आधारभूत ज्ञान दिलाउने उद्देश्यले काउन्सिलले अभिमुखिकरण कक्षालाई शृंखलाबद्ध ढंगले चलाइरहेको छ। मिडियाको सही प्रयोग गर्न चाल्नुपर्ने कदमबारे सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउनका लागि काउन्सिलले सम्पादक सम्वाद र सञ्चारमाध्यमसँग काउन्सिल जस्ता कार्यक्रमलाई निरन्तरता समेत दिइएको त्यस क्रममा जानकारी दिइयो।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय महाराजगंजबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असुल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) कर्जा शीर्षक : प्रोफेशनल लोन, आवधिक

ऋणीको विवरण
नरिश्वर सापकोटाको नाति पुनाराम सापकोटाको छोरा कपिलवस्तु जिल्ला बाणगंगा वडा नं. ६ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने **थानेश्वर सापकोटा** (ना.प्र.नं. : १/०४/५५३३८ जारी मिति र जिल्ला : २०६१/०४/२१, कपिलवस्तु)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) नर प्रसाद विमलीको छोरी पुनाराम सापकोटाको बुहारी थानेश्वर सापकोटाको पत्नी सुनसरी जिल्ला दुहबि वडा नं. ५ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने **प्रतिभा विमली** (ना.प्र.नं. : ०६४३२४४ जारी मिति र जिल्ला : २०६६/११/०५, सुनसरी)
२) बखतसिंह पाखिनको नाति हर्क बहादुर पाखिनको छोरा पर्सा जिल्ला सुवर्णपुर वडा नं. ७ हाल, काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ बस्ने **बिबि लाल पाखिन** (ना.प्र.नं. : ९०३४२९६० जारी मिति र जिल्ला : २०६०/१०/२१, पर्सा)

२) कर्जा शीर्षक : प्रोफेशनल लोन, अधिविकर्ष

ऋणीको विवरण
अम्बर बहादुर कार्कीको नाति चित्र बहादुर कार्कीको छोरा मोरङ जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. २ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने **अभिषेक कार्की** (ना.प्र.नं. : ५०११२ जारी मिति र जिल्ला : २०५७/०२/२४, मोरङ)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
१) जगत बहादुर दुंगानाको नातिनी टंक बहादुर दुंगानाको छोरी मोरङ जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. २ हाल, काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने **अर्चना दुङ्गाना** (ना.प्र.नं. : ३२९०५ जारी मिति र जिल्ला : २०५४/०४/२६, मोरङ)
२) गोपाल श्रेष्ठको नाति सुशिल प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला बिराटनगर वडा नं. ३ हाल, काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. १५ बस्ने **सुलभ श्रेष्ठ** (ना.प्र.नं. : ८२५०४ जारी मिति र जिल्ला : २०६१/०३/११, मोरङ)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Government of Nepal
Armed Police Force, Nepal No. 1 Baraha Brigade Headquarters
Sunsari, Nepal

Invitation for Bids

(IFB No: APF/NCB Works /No.1 Bdg.HQ. Sunsari/02/2081/082)
Date of publication:11th Apr, 2025

1. Armed Police Force, Nepal No. 1 Baraha Brigade Headquarters, invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding single stage one envelope bidding procedure.
2. Bid Submission/opening date: 13, May, 2025 - 11:00 hrs/ 13, May, 2025 - 11:30 hrs.
3. Eligible Bidders may obtain further information from the office of Armed Police Force, Nepal No. 1 Baraha Brigade Headquarters, Sunsari

visit PPMO web portal www.bolpatra.gov.np/egp

S. N.	Contract Identification Number	Description of Work	Address Contact	Estimated Amount (with VAT, provisional sum And Contengency	Bid Security Amount	Cost of Bid Document
1	APF/NCB Works / No.1 Bdg.HQ. Sunsari/02/2081/082)	Construction Of NCO Barrack Office Block Mess Block Septi Tank (at Bop Chamarvitta Jhapa)	Armed Police Force, Nepal No. 1 Baraha Brigade Headquarters,	Nrs 1,69,96,263.25	Nrs 4,41,000	NRs 3000